३८

Reference Only
Not for issue

# नेपालको संविधान

# २०१९

(पहिलो र दोस्रो संशोधन समेत
मिलाइएको रूपमा)

प्रकाशक

कानून तथा न्याय मन्त्रालय
कानून किताब व्यवस्था समिति

Reference Only
Not for issue
संसद पुस्तकालय

मूल्य- ३।५०

ference Only
Not for issue

# नेपालको संविधान

# २०१९

(पहिलो र दोस्रो संशोधन समेत मिलाइएको रूपमा)

**प्रकाशक**

कानून तथा न्याय मन्त्रालय

कानून किताब व्यवस्था समिति

चतुर्थावृत्ति १०,००० प्रति

विक्रम संवत् २०३२ माघ

मुद्रकः– श्री ५ को सरकारको छापाखाना, सिंहदरवार काठमाडौं ।

# विषय–सूची


| | | | |
|---|---|---|---|
| प्रस्तावना | – | – | १ |
| **भाग १** | | | |
| प्रारम्भिक | – | – | २ |
| **भाग २** | | | |
| नागरिकता | – | – | ४ |
| **भाग ३** | | | |
| मौलिक कर्तव्य र हक | – | – | ६ |
| **भाग ४** | | | |
| पञ्चायत प्रणालीका निर्देशक सिद्धान्तहरू | | – | १० |
| **भाग ५** | | | |
| श्री ५ | – | – | ११ |
| **भाग ६** | | | |
| राजसभा | – | – | १३ |
| **भाग ७** | | | |
| मन्त्रिपरिषद् | – | | १८ |
| **भाग ८** | | | |
| स्थानीय पञ्चायतहरू र राष्ट्रिय पञ्चायत | – | – | २२ |
| **भाग ९** | | | |
| व्यवस्थापन विधि | – | – | ३५ |
| **भाग १०** | | | |
| आर्थिक कार्य प्रणाली | – | – | ३८ |
| **भाग १० क** | | | |
| पञ्चायतका वर्गीय संगठनहरू | – | – | ४२ |
| **भाग १० ख** | | | |
| गाउँफर्क राष्ट्रिय अभियान | – | – | ४३ |

**भाग १० ग**

अख्तियार दुरुपयोग निवारण आयोग — — ४५

**भाग ११**

सर्वोच्च अदालत — — ४७

**भाग १२**

महालेखा परीक्षक — — ५२

**भाग १३**

लोक सेवा आयोग — — ५४

**भाग १३ क**

निर्वाचन आयोग — — ५७

**भाग १४**

महान्यायाधिवक्ता — — ५९

**भाग १५**

संकटकालीन अधिकार — — ६०

**भाग १६**

संविधान संशोधन — — ६१

**भाग १७**

विविध — — ६२

**भाग १८**

परिभाषा र व्याख्या — — ६५

**भाग १९**

संक्रमणकालीन प्रबन्ध — — ६६

**भाग २०**

संक्षिप्त नाम र प्रारम्भ — — ६८

अनुसूची १ — — ६९

अनुसूची २ — — ७२

अनुसूची ३ — — ७३

अनुसूची ४ — — ७४

अनुसूची ५ — — ७८

अनसूची ६ — — ७९

व्यवस्थापिका-संसद सचिवालय

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाह देव देवानाम् सदा समरविजयिनाम् ।

## प्रस्तावना

नेपाल अधिराज्य र नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिको निमित्त लोक सम्मतिको अनुकूल शासन व्यवस्था चलाउनु वाञ्छनीय भएको; र

꧁ त्यस्तो व्यवस्था जनजीवनमा आधारित, राष्ट्रिय प्रतिभा र परम्परा सुहाउँदो, तलैदेखि उठी सम्पूर्ण जनताको क्रियाशील सहयोग पाउने र विकेन्द्रीकरणको सिद्धान्तलाई अंगाल्ने दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीद्वारा मात्र संभव छ भन्ने हाम्रो दृढविश्वास भएको; र

प्यारा प्रजाको सुख र समृद्धि नै सदैव हाम्रो एक मात्र लक्ष्य भई सो लक्ष्य प्राप्त गर्नको लागि हामीबाट दृढसंकल्प गरिबक्सेकोले

नेपाल अधिराज्यको निमित्त एक संविधान बनाई जारी गर्नु वाञ्छनीय हुँदा हाम्रा महान तथा आदरणीय पूर्वजहरूका पालादेखि नै चलिआएको हाम्रा मुलुकको संवैधानिक कानून, रीत र परम्परा अनुसार हामीमा अन्तर्निहित राजकीय सत्ता र विशेषाधिकार प्रयोग गरिबक्सी हामी श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाह देवबाट यो संविधान बनाई जारी गरिबक्सेका छौं।

# भाग १

## प्रारम्भिक

१. **संविधान मूल कानून** : यो संविधान नेपालको मूल कानून हो र यसमा लेखिएका कुराका अधीनमा रही योसंग बाझिने कानून बाझिएको हदसम्म अमान्य हुनेछ।

२. **राष्ट्र** : (१) जुनसुकै धर्म, वर्ण, जात वा जातिका भए पनि समान आकांक्षा राख्ने र राजमुकुटप्रति आस्थाद्वारा एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टि रूपमा एक राष्ट्र हो।

(२) आफ्नो प्रतिभा र परम्परा अनुसार राजनैतिक, आर्थिक र सांस्कृतिक जीवनको विकास गर्ने र अरू राष्ट्रहरूसंग आफ्नो सम्बन्ध निर्धारण गर्ने राष्ट्रको अविनाश्य र अविच्छेद्य अधिकार हो।

꧁ संविधानको पहिलो संशोधनद्वारा संशोधित।

३. **राज्य** : (१) नेपाल एउटा स्वतन्त्र, अविभाज्य र सार्वभौमसत्तासम्पन्न राजतन्त्रात्मक हिन्दू राज्य हो।

(२) नेपालको क्षेत्र देहाय बमोजिम हुनेछ :–

(क) यो संविधान प्रारम्भ हुँदाको बखतको क्षेत्र ; र

(ख) यो संविधान प्रारम्भ भएपछि प्राप्त हुने क्षेत्र।

४. **राष्ट्रभाषा** : नेपालको राष्ट्रभाषा देवनागरी लिपिमा नेपाली भाषा हो।

५. **राष्ट्रिय झण्डा** : सिम्रिक रङ्गको भूइँ र गाढा नीलो रङ्गको किनारा भएको दुइ त्रिकोण अलिकति जोरिएको, माथिल्लो भागमा खुर्पे चन्द्रको बीचमा सोह्रमा आठ कोण देखिने सेतो आकार र तल्लो भागमा बाह्रकोणयुक्त सूर्यको सेतो आकार अंकित भएको, परम्परागत झण्डा नेपालको राष्ट्रिय झण्डा हो। सो झण्डा बनाउने तरीका र तत्सम्बन्धी अरू विवरण अनुसूची १ मा दिइएको छ।

६. **राष्ट्रिय गान, इत्यादि** :(१) अनुसूची २ मा लेखिए बमोजिमको **श्री ५** को सलामी नेपालको राष्ट्रिय गान हो।

(२) नेपालको राष्ट्रिय फूल लालीगुराँस, राष्ट्रिय रङ्ग सिम्रिक, राष्ट्रिय जनावर गाई र राष्ट्रिय पंछी डाँफे हो।

(३) नेपालको निसाना–छाप अनुसूची ३ मा अंकित भए बमोजिमको हुनेछ।

तर सो निसाना–छाप आवश्यकतानुसार ठूलो वा सानो आकारको वनाउन सकिनेछ र त्यसमा श्री ५ को सरकारबाट निर्धारित रङ्ग प्रयोग हुन सक्नेछ।

# भाग २

## नागरिकता

७. **संविधान प्रारम्भ हुँदाका बखतको नागरिकता :** नेपालमा स्थायी वासस्थान भएको देहायको प्रत्येक व्यक्ति यो संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिक ठहर्नेछः—

(क) जो नेपालमा जन्मेको हो ;

(ख) जसको आमा बाबुमा एकजना नेपालमा जन्मेको हो ;

(ग) नेपालको कानून र रीत बमोजिम नेपालको नागरिकका साथ कुनै किसिमको वैवाहिक सम्बन्ध भएकी स्वास्नी-मानिस; वा

(घ) नेपालको कानून बमोजिम जसले नागरिकताको प्रमाणपत्र लिइसकेको छ।

८. **नागरिकताको प्राप्ति र समाप्ति कानून बमोजिम निर्धारित हुने :** (१) यो संविधान प्रारम्भ भएपछि नेपालको नागरिकताको प्राप्ति, समाप्ति र तत्स-म्बन्धी अरू कुरा कानूनले निर्धारित गरे बमोजिम हुनेछ।

(२) उपधारा (१) बमोजिम कानून बनाउँदा, अरू कुराका अति-रिक्त, विदेशीलाई नागरिकताको प्राप्ति देहायका कुराका आधारमा हुन सक्ने शर्त राखिनेछः—

(क) नेपालको राष्ट्रभाषा बोल्न र लेख्न जान्ने;

(ख) नेपालमा कुनै व्यवसाय गरिबसेको;

(ग) अन्य राज्यको नागरिकता त्याग्न कारवाई चलाएको; र

§§(घ) कानूनमा व्यवस्था भए बमोजिमको नेपाली उत्पत्तिका व्यक्तिको हकमा कम्तीमा दुई वर्ष, नेपाली नागरिक संग वैवाहिक सम्बन्ध भएकी§ विदेशी स्वास्नीमानिसको हकमा कम्तीमा पाँच वर्ष र अरूको हकमा कम्तीमा पन्ध्र वर्षको अवधिसम्म नेपालमा बसोबास गरेको।

(३) उपधारा (१) बमोजिम कानून बनाउँदा, अरू कुराका अति-रिक्त, नागरिकताको समाप्ति देहायका कुराको आधारमा हुन सक्ने शर्त राखिनेछः–

(क) नेपालको विरूद्ध हातहतियार उठाएको वा उठाउने कुचेष्टा गरेको वा राज्यका विरूद्ध अन्य अपराध गरेको; वा

(ख) युद्धको समयमा वा अन्य संकटकालीन अवस्थामा कानूनद्वारा निर्धारण गरिए अनुसार राज्यको सेवा नगरेको वा सेवा गर्न नखोजेको।

---

§§संविधानको दोस्रो संशोधनद्वारा संशोधित।

# भाग ३

## मौलिक कर्तव्य र हक

९. **नागरिकहरूको मूल कर्तव्य :** (१) राष्ट्रप्रति आस्था र राज्यप्रति वफादारी प्रत्येक नागरिकको मूल कर्तव्य हो।

(२) कानूनको मर्यादा राखी आफ्नो हकको प्रयोग अरूको हकको हनन नहुने गरी गर्नु प्रत्येक नागरिकको मूल कर्तव्य हो।

१०. **समानताको हक :** (१) सबै नागरिक कानूनको समान संरक्षणका हकदार हुनेछन्।

(२) सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जाति वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन।

(३) सरकारी सेवा वा अरू कुनै सार्वजनिक सेवाको नियुक्तिमा कुनै पनि नागरिकमाथि केवल धर्म, वर्ण, लिङ्ग, जात, जाति वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव हुने छैन।

११. **स्वतन्त्रताको हक :** (१) कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रताको अपहरण हुने छैन।

※(२) सबै नागरिकलाई यो भागमा लेखिएका अन्य कुराहरूका अधीनमा रही निम्नलिखित स्वतन्त्रताको हक प्राप्त हुनेछः–

(क) वाक् र प्रकाशन स्वतन्त्रता;

(ख) शान्तिपूर्वक र विनाहतियार भेला हुने स्वतन्त्रता;

(ग) संघ र संस्था खोल्ने स्वतन्त्रता;

---

※संविधानको पहिलो संशोधनद्वारा संशोधित।

(घ) नेपालको कुनै भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता; र

(ङ) सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गरी वा अरू किसिमले उठाउन पाउने स्वतन्त्रता।

☐(२क) उपधारा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजनैतिक दल वा दलगत राजनैतिक उद्देश्यले प्रेरित भएको संगठन, संघ र संस्था खोल्न, खोलाउन वा चलाउन पाइने छैन।

(३) तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेको वापतमा कुनै व्यक्ति सजायभागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन।

(४) कुनै पनि व्यक्ति उपर अदालतमा त्यसै कसूरमा एक पटकभन्दा बढ्ता मुद्दा चलाइने र सजाय गरिने छैन।

(५) कुनै कसूरको अभियोग लागेको व्यक्तिले स्वेच्छाले बयान दिएमा बाहेक निजलाई आफ्नो विरूद्धमा बयान दिन कर लगाइने छैन।

(६) कुनै गिरफ्तार भएको व्यक्तिलाई गिरफ्तार भएको कारण सहितको सूचना, यथाशक्य चाँडो नदिई थुनामा राखिने छैन र त्यस्ता व्यक्तिलाई आफूले रोजेको कानूनी व्यवसायीसंग सल्लाह लिने र निजद्वारा पुर्पक्ष गर्ने अधिकारबाट वञ्चित गरिने छैन।

**स्पष्टीकरण**— यस उपधाराको प्रयोजनको निमित्त "कानूनी व्यवसायी" भन्नाले कुनै अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न तत्काल प्रचलित कानूनले अधिकार दिएको जुनसुकै व्यक्तिलाई समेत जनाउँछ।

(७) गिरफ्तार गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाई गिरफ्तार भएको ठाउँबाट बाटाको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीका समक्ष उपस्थित गराउनु पर्छ र कुनै पनि व्यक्तिलाई त्यस्ता अधिकारीको आदेशले बाहेक सो अवधिभन्दा बढी थुनामा राख्न हुँदैन।

(८) उपधारा (६) र (७) मा लेखिएका कुरा देहायका व्यक्तिलाई लागू हुने छैन:—

---

☐संविधानको पहिलो संशोधनद्वारा थप।

(क) शत्रु राज्यको नागरिक; वा

(ख) निवारक नजरवन्द राख्ने व्यवस्था गर्ने कुनै कानून अन्तर्गत गिरफ्तार भएको वा नजरवन्द रहेको व्यक्ति ।

१२. **देशनिकाला विरूद्धको हक :** कुनै पनि नागरिकलाई देशनिकाला गरिने छैन ।

१३. **शोषण विरूद्धको हक :** मानिसको बेचबिखन, दासत्व र मानिसलाई कुनै किसिमको जवरजस्ती काम गराउन निषेध गरिएको छ ।

तर सार्वजनिक प्रयोजनको लागि कानूनद्वारा अनिवार्य सेवाको व्यवस्था गर्न वाधा पर्ने छैन ।

१४. **धर्म सम्बन्धी हक :** प्रत्येक व्यक्तिले परम्पराको मर्यादा राखी सनातनदेखि चलिआएको आफ्नो धर्मको अवलम्वन र आफ्नो धार्मिक कृत्य गर्न पाउनेछ ।

तर कसैले कसैको धर्म परिवर्तन गराउन पाउने छैन ।

१५. **सम्पत्तिको हक :** कानून वमोजिम वाहेक कुनै पनि व्यक्तिको सम्पत्ति अपहरण हुने छैन ।

१६. **संवैधानिक उपचारको हक :** यस भागद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा ७१ मा लेखिएको तरीका अनुसार कारवाई चलाउन पाउने हक सुरक्षित गरिएको छ ।

१७. **सार्वजनिक हितको निमित्त मौलिक हकको प्रयोगमा बन्देज :** (१) यस भागमा लेखिएका हकहरूको प्रयोगलाई सार्वजनिक हितको निमित्त व्यवस्थित वा नियन्त्रित गर्नका लागि कानून बनाउन सकिनेछ ।

(२) देहायको कुनै वा सबै उद्देश्यले वनेको भनी कुनै ऐनको प्रस्तावनामा लेखिएको छ भने त्यस्तो ऐन वा त्यस अन्तर्गतको कानून सरहको नियम, आदेश वा उपनियम सार्वजनिक हितको निमित्त वनेको कानून मानिनेछः—

(क) नेपालको सुरक्षा कायम राख्न;

(ख) शान्ति र व्यवस्था कायम राख्न;

(ग) विदेशी राज्यहरूसंग मित्रताको सम्वन्ध कायम राख्न;

(घ) विभिन्न वर्ग, पेशा वा क्षेत्रका जनताका बीच सुसम्बन्ध कायम राख्न;

(ङ) सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा, आर्थिक हित, शिष्टाचार वा नैतिकता कायम राख्न;

(च) बालक वा स्वास्नीमानिसको हितको संरक्षण गर्न;

(छ) आन्तरिक अशान्ति वा बाह्य आक्रमण रोक्न;

(ज) अदालत वा राष्ट्रिय पञ्चायतको अवहेलना हुन दिनबाट रोक्न; र

(झ) यो संविधान वा तत्काल प्रचलित अन्य कानूनको व्यवस्था उल्टाउने कुचेष्टा वा अरू कुनै त्यस्तो कुचेष्टा रोक्न ।

# ※ भाग ४

## पञ्चायत प्रणालीका निर्देशक सिद्धान्तहरू

१८. **सिद्धान्तको प्रयोग :** यस भागमा लेखिएका सिद्धान्तहरू सामान्य मार्ग प्रदर्शनका लागि हुन् र तिनलाई कुनै अदालतद्वारा लागू गरिने छैन।

१९. **उद्देश्य र लक्ष्य :** (१) व्यापक राष्ट्रिय दृष्टिकोणबाट विभिन्न वर्ग र व्यवसायको हितमा सामञ्जस्य ल्याई एउटा प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सृजना गरी जनकल्याणको अभिवृद्धि गर्नु पञ्चायत प्रणालीको उद्देश्य हुनेछ।

(२) साधारण जनतालाई जागरुक र चेतनशील बनाई क्रमिक विकेन्द्रीकरणद्वारा प्रत्येक तहको शासनमा जनप्रतिनिधिहरूलाई अधिकाधिक मात्रामा सम्मिलित गराई देशको प्रतिभा र साधनलाई सकभर वढी मात्रामा र स्वेच्छाले उपधारा (१) अनुरूपको समाजको सृजना गर्ने काममा, परिचालन गर्नु पञ्चायत प्रणालीको राजनैतिक लक्ष्य हुनेछ।

(३) देशको आर्थिक उन्नतिमा जनसाधारणलाई सकभर बढी मात्रामा सम्मिलित गराई र※※ साझा र निजी उद्यमलाई समेत उचित प्रश्रय दिई कुनै पनि व्यक्ति वा वर्गद्वारा अन्य कुनै व्यक्ति वा वर्गमा अनुचित आर्थिक दवाव हुन नदिने व्यवस्था गर्नु पञ्चायत प्रणालीको आर्थिक लक्ष्य हुनेछ।

(४) उपधारा (१) मा उल्लेख गरिएको समाजको सृजना गर्ने काममा साधारण जनतालाई क्रियाशील तुल्याउने मार्गमा रहेका बाधाहरू हटाई सामञ्जस्यपूर्ण र नैतिकतामा आधारित सामाजिक जीवनको स्थापना गर्नु पञ्चायत प्रणालीको सामाजिक लक्ष्य हुनेछ।

---

※ संविधानको पहिलो संशोधनद्वारा संशोधित।

※※ संविधानको दोस्रो संशोधनद्वारा थप।

# भाग ५

## श्री ५

२०. **अधिकारको स्रोत श्री ५ :** (१) यो संविधानमा "**श्री ५**" भन्ने शब्दले ‡श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहका वंशज आर्य संस्कृतिका अनुयायी हिन्दू धर्मावलम्वी गद्दीनसीन **श्री ५ महाराजाधिराज** लाई संवोधन गरेको सम्झनु पर्दछ ।

(२) नेपालको सार्वभौमसत्ता **श्री ५** मा निहित रहेको छ र कार्यकारिणी, व्यवस्थापिका र न्याय सम्बन्धी सबै अधिकार मौसूफबाट निःसृत हुन्छन् । शाह राजवंशको उच्चतम परम्परा अनुसार प्रजाको हित र इच्छाको विचार गरी **श्री ५** बाट यो संविधान र तत्काल प्रचलित अन्य कानून बमोजिम स्थापित अङ्गहरूद्वारा सो अधिकारहरू प्रयोग गरिबक्सिन्छ ।

२१. **राजगद्दी-उत्तराधिकार सम्बन्धी कानून :** (१) यस संविधानको कुनै कुराले पनि **श्री ५** का वंशजहरूको राजगद्दी-उत्तराधिकार सम्बन्धी कानून, रीत र परम्परालाई असर पार्ने छैन ।

(२) **श्री ५** का वंशजहरूको राजगद्दी-उत्तराधिकार सम्बन्धी कानून वनाउने, संशोधन गर्ने र खारेज गर्ने सम्पूर्ण अधिकार **श्री ५** मा मात्र रहनेछ ।

※२२. **राज्यसहायक, राज्यसहायक परिषद् राजप्रतिनिधि र राजप्रतिनिधि परिषद् :** यस संविधानमा **श्री ५** लाई सम्बोधन हुने शब्दले, विषय वा प्रसङ्ग अनुसार अर्को अर्थ नलागेमा, अधिकार पाएको राज्यसहायक वा राज्य-सहायक परिषद्लाई र ‡धारा २२ क बमोजिम अधिकार प्रयोग गर्ने राजप्रतिनिधि वा राजप्रतिनिधि परिषद्लाई पनि जनाउँछ ।

---

‡ संविधानको दोस्रो संशोधनद्वारा संशोधित ।

※ संविधानको पहिलो संशोधनद्वारा संशोधित ।

# भाग ५

## श्री ५

२०. **अधिकारको स्रोत श्री ५ :** (१) यो संविधानमा "**श्री ५**" भन्ने शब्दले ꣱श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहका वंशज आर्य संस्कृतिका अनुयायी हिन्दू धर्मावलम्वी गद्दीनसीन **श्री ५ महाराजाधिराज** लाई संवोधन गरेको सम्झनु पर्दछ ।

(२) नेपालको सार्वभौमसत्ता **श्री ५** मा निहित रहेको छ र कार्यकारिणी, व्यवस्थापिका र न्याय सम्बन्धी सबै अधिकार मौसूफबाट निःसृत हुन्छन् । शाह राजवंशको उच्चतम परम्परा अनुसार प्रजाको हित र इच्छाको विचार गरी **श्री ५** बाट यो संविधान र तत्काल प्रचलित अन्य कानून बमोजिम स्थापित अङ्गहरूद्वारा सो अधिकारहरू प्रयोग गरिबक्सिन्छ ।

२१. **राजगद्दी-उत्तराधिकार सम्बन्धी कानून :** (१) यस संविधानको कुनै कुराले पनि **श्री ५** का वंशजहरूको राजगद्दी-उत्तराधिकार सम्बन्धी कानून, रीत र परम्परालाई असर पार्ने छैन ।

(२) **श्री ५** का वंशजहरूको राजगद्दी-उत्तराधिकार सम्बन्धी कानून वनाउने, संशोधन गर्ने र खारेज गर्ने सम्पूर्ण अधिकार **श्री ५** मा मात्र रहनेछ ।

꣸२२. **राज्यसहायक, राज्यसहायक परिषद् राजप्रतिनिधि र राजप्रतिनिधि परिषद् :** यस संविधानमा **श्री ५** लाई सम्बोधन हुने शब्दले, विषय वा प्रसङ्ग अनुसार अर्को अर्थ नलागेमा, अधिकार पाएको राज्यसहायक वा राज्य-सहायक परिषद्लाई र ꣱धारा २२ क बमोजिम अधिकार प्रयोग गर्ने राजप्रतिनिधि वा राजप्रतिनिधि परिषद्लाई पनि जनाउँछ ।

---

꣱ संविधानको दोस्रो संशोधनद्वारा संशोधित ।

꣸ संविधानको पहिलो संशोधनद्वारा संशोधित ।

ꙮ२२क. राजप्रतिनिधि र राजप्रतिनिधिपरिषद् : **श्री ५** बाट मौसूफ नेपाल बाहिर रहिबक्सेको अवधि वा कुनै तोकिएको अवधिसम्मको निमित्त लालमोहरले प्रमाणित गरिबक्सेको अधिकार पत्रमा तोकिएको शर्तको अधीनमा रही मौसूफ-बाट गरिबक्सने दैनिक कार्य सञ्चालन गर्न राजप्रतिनिधि नियुक्त गरिबक्सी वा राजप्रतिनिधि परिषद् गठन गरिबक्सी अख्तियार दिन सकिबक्सनेछ। त्यस्तो राजप्रतिनिधि वा राजप्रतिनिधि परिषद्ले अधिकार पत्रमा तोकिएको शर्त तथा परिधि अन्तर्गत रही गरेको कार्य यस संविधानको उद्देश्यका लागि **श्री ५** बाट भए सरह मानिने छ।

ꙮ२२ख. **श्री ५ को झण्डा** : चतुरस्र आकार, सिम्रिक रङ्गको भूइँ, सेतो किनारा, झण्डाको दण्डीतिरको माथिल्लो कुनामा खुर्पे चन्द्रको बीचमा सोह्रमा आठ कोण देखिने सेतो आकार ,दण्डीको पल्लापट्टिको माथिल्लो कुनामा बाह्रकोण-युक्त सूर्यको सेतो आकार, मध्य भागमा पञ्चतत्वको प्रतीक पारेर रेखाङ्कन गरिएको सेतो झण्डा रहेको र सो झण्डाको दण्डीलाई अगाडिको दुबै हातले समाती पछाडिको दाँया खुट्टाले दण्डीको फेदलाई आड दिई सम्मुख मुख पारी उभिएको सेतो सिंह भएको परम्परागत झण्डा **श्री ५** को झण्डा हो।

---

ꙮ संविधानको दोस्रो संशोधनद्वारा धारा ८६ लाई धारा २२ क गरी स्थानान्तर गरिएको।

ꙮ संविधानको दोस्रो संशोधनद्वारा थप।

# भाग ६

## राजसभा

२३. **राजसभा :** (१) नेपालभा एक राजसभा रहनेछ जसको काम यस संविधानमा लेखिए बमोजिम हुनेछ।

✿(२) राजसभामा देहायका व्यक्तिहरू रहनेछन्:–

(क) प्रधानमन्त्री पदेन सदस्य;

(ख) प्रधान न्यायाधीश पदेन सदस्य;

(ग) राष्ट्रिय पञ्चायतको अध्यक्ष पदेन सदस्य;

❀(घ) गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको अध्यक्ष पदेन सदस्य;

✾(ङ) उपप्रधान मन्त्री पदेन सदस्य;

✾(च) मन्त्रीहरू पदेन सदस्य;

✾(छ) वडागुरूज्यू पदेन सदस्य;

✾(ज) प्रधान सेनापति पदेन सदस्य;

❀(झ) अख्तियार दुरूपयोग निवारण आयोगको प्रमुख आयुक्त पदेन सदस्य;

✾(ञ) महालेखा परीक्षक पदेन सदस्य;

✾(ट) लोक सेवा आयोगका अध्यक्ष पदेन सदस्य;

✾(ठ) प्रमुख निर्वाचन आयुक्त पदेन सदस्य;

✾(ड) महान्यायाधिवक्ता पदेन सदस्य;

✾(ढ) मूल पुरोहित पदेन सदस्य; र

---

✿संविधानको पहिलो संशोधनद्वारा संशोधित।

❀संविधानको दोस्रो संशोधनद्वारा थप।

✾संविधानको दोस्रो संशोधनद्वारा खण्ड परिवर्तित गरी राखिएको।

✿(ण) राष्ट्रिय जीवनका विभिन्न क्षेत्रहरूमा ख्याति प्राप्त गरेका वा देशको विशिष्ट सेवा गरेका व्यक्तिहरू मध्येवाट, वा राजसभाको सदस्यताको निमित्त उपयुक्त सम्झी, **श्री ५** वाट नियुक्त गरिबक्सेका अन्य सदस्यहरू ।

✿(३) उपधारा (२) को ✿खण्ड (ण) वमोजिम नियुक्त भएका व्यक्ति **श्री ५** को इच्छानुसारको अवधिसम्म सदस्य रहनेछन् ।

(४) राजसभाको बैठक **श्री ५** वाट वक्सेको आदेश अनुसार बोलाइने छ र मौसूफ उपस्थित होइवक्सेमा मौसूफबाट सभापतिको आसन ग्रहण गरिबक्सनेछ । मौसूफको अनुपस्थितिमा श्री ५ युवराजाधिराज अठार वर्ष पुगिबक्सेको रहेछ भने मौसूफ युवराजाधिराजबाट सभापतिको आसन ग्रहण गरिबक्सनेछ र मौसूफ अठार वर्ष नपुगिबक्सेको भए **श्री ५** वाट साधारण तवरले वा खास तवरले मनोनीत गरिबक्सेको उपसभापतिले, र त्यसरी उपसभापति मनोनीत नभएको अवस्थामा राजसभाको सो बैठकमा प्रस्तावद्वारा निर्णय गरिएको सदस्यले, बैठकको सभापतित्व गर्नेछ ।

(५) उपधारा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि निम्नलिखित अवस्थामा राजसभाको बैठक राजसभाका सचिवले बोलाउने छन् र त्यसरी बोलाइएको बैठकमा उक्त बैठकले प्रस्तावद्वारा निर्णय गरेको व्यक्तिले सभापतित्व गर्नेछः—

(क) **श्री ५** को स्वर्गवास भएमा वा मौसूफबाट राजगद्दी परित्याग गरिबक्सेको घोषणा गरिबक्सेमा; वा

(ख) **श्री ५** मानसिक वा शारीरिक अशक्तावस्थाले गर्दा बैठक बोलाउन आदेश बक्सन असमर्थ होइबक्सेको छ भनी राजसभाको सम्पूर्ण सदस्य संख्याको कम्तीमा चार खण्डको एक खण्ड सदस्यहरूले (जसमध्ये कम्तीमा चारजना मन्त्रीहरू हुनु पर्दछ) हस्ताक्षर गरी माँग गरेमा ।

---

✿संविधानको दोश्रो संशोधनद्वारा खण्ड परिवर्तित गरी राखिएको ।
✿संविधानको पहिलो संशोधनद्वारा संशोधित ।
✿संविधानको दोस्रो संशोधनद्वारा संशोधित ।

(६) (क) उपधारा (५) को खण्ड (क) को अवस्थामा बोलाइएको बैठकले राजगद्दी-उत्तराधिकार सम्बन्धी कानून, रीत र परम्परा अनुसार **श्री ५** को उत्तराधिकारीको राज्यारोहणको घोषणा गर्नेछ; र

§§(ख) सो बैठकले **श्री ५** को उमेर अठार वर्षभन्दा कम भएमा **श्री ५** बाट बनाईबक्सेको नियमको अधीनमा रही राज्यसहायक वा राज्यसहायक परिषद्को घोषणा गर्नेछ ।

तर यस खण्ड बमोजिम घोषणा भएको राज्यसहायक वा राज्यसहायक परिषद् **श्री ५** अठार वर्ष पुगिबक्सेपछि कायम रहने छैन ।

(७) (क) उपधारा (५) को खण्ड (ख) को अवस्थामा बोलाइएको बैठकले **श्री ५** मानसिक वा शारीरिक अशक्तावस्थाले गर्दा राजसभाको बैठक बोलाउने आदेश बक्सन असमर्थ भइबक्सेको हो वा होइन भन्ने निर्णय गर्नेछ; र

§§(ख) राजसभाले हो भनी सम्पूर्ण सदस्य संख्याको कम्तीमा तीन खण्डको दुई खण्ड बहुमतले निर्णय गरेमा श्री ५ युवराजाधिराज अठार वर्ष पुगिबक्सेको रहेछ भने मौसूफलाई राज्यसहायक घोषणा गर्नेछ र अरू अवस्थामा **श्री ५** बाट बनाईबक्सेको नियमको अधीनमा रही राज्यसहायक वा राज्यसहायक परिषद्को घोषणा गर्नेछ ।

तर यस खण्ड बमोजिम घोषणा गरिएको राज्यसहायक वा राज्य-सहायक परिषद् **श्री ५** को स्वर्गवास भएमा वा मौसूफबाट राजगद्दी परित्याग गरिबक्सेमा वा पुनः राजकीय कार्यभार वहन गर्न समर्थ होइबक्सिन्छ भनी मौसूफबाट राजसभालाई सूचना बक्सेमा **श्री ५** बाट बनाईबक्सेको नियमको अधीनमा रही कायम रहने छैन ।

(८) उपधारा (६) वा (७) बमोजिम घोषणा गरिएको राज्य-सहायक वा राज्यसहायक परिषद्लाई **श्री ५** वा मौसूफका उत्तराधिकारीको हितको प्रतिकूल कुनै निर्णय गर्ने वा स्वीकृति प्रदान गर्ने अधिकार हुने छैन ।

(९) उपधारा (६) को खण्ड (क) मा भएको कुनै पनि कुराले त्यस्तो घोषणा जारी नभएसम्म **श्री ५** को उत्तराधिकारीलाई राजगद्दीको

---

§§संविधानको दोश्रो संशोधनद्वारा संशोधित ।

अधिकार प्रयोग गरिबक्सनमा बाधा पुऱ्याउने छैन ।

(१०) (क) उपधारा (५), (६) र (७) मा लेखिएदेखि बाहेकका यो संविधान बमोजिम राजसभाले गर्ने अरू काम **श्री ५** बाट तोकिबक्सेका राजसभाका सातदेखि पन्ध्र जनासम्म सदस्य भएको एउटा स्थायी समितिले राजसभाका नाममा गर्न सक्नेछ ।

तर **श्री ५** बाट चाहि बक्सेमा स्थायी समितिले राजसभाको नाममा गरेको कुनै निर्णय राजसभाको बैठकमा विचारार्थ पेश गराउन बाधा पर्ने छैन ।

(ख) खण्ड (क) मा उल्लेख भएको स्थायी समितिको सभापतित्व **श्री ५** बाट स्वयं गरिबक्सनेछ वा मौसूफबाट सो समितिको कुनै सदस्यलाई सभापति तोकिबक्सनेछ र राजसभाको सचिव नै स्थायी समितिको सचिव हुनेछन् ।

(ग) राजसभा स्थायी समितिका सदस्यहरूको कार्यकाल चार वर्षको हुनेछ र निजहरुले **श्री ५** बाट तोकिबक्से बमोजिमको पारिश्रमिक पाउनेछन् ।

तर स्थायी समितिका सदस्यले **श्री ५** मा आफ्नो पदबाट लिखित राजीनामा चढाउन सक्नेछन् वा **श्री ५** बाट चाहिबक्सेमा निजलाई स्थायी समितिको सदस्यताबाट हटाउन सकिबक्सनेछ ।

(घ) खण्ड (क) मा उल्लेख भएको स्थायी समितिले चाहेमा कुनै कुरामाथि छलफल गर्दा, आफ्नो बैठकमा, राजसभाका अरू सदस्यलाई पनि सम्मिलित गर्न सक्नेछ ।

(११) राजसभा वा त्यसको स्थायी समितिको कुनै पनि बैठकमा सदस्यहरू मध्येबाट केही अनुपस्थित रहे पनि काम चालू रहनेछ यदि–

(क) सूचना जारी हुने दिनसम्ममा भएका सबै सदस्यलाई बैठक हुने सूचना पठाएको छ भने वा त्यस्तो सूचना नेपाल राजपत्रमा प्रकाशित गरिएको छ भने; र

---

संबिधानको पहिलो संशोधनद्वारा संशोधित ।

संबिधानको पहिलो संशोधनद्वारा रुपान्तर गरिएको ।

(ख) सदस्य संख्याको कम्तीमा तीन खण्डको एक खण्ड सदस्य उपस्थित रहन्छन् भने ।

(१२) **श्री ५** बाट राजसभासंग परामर्श गरिवक्सने भनी यो संविधानमा लेखिएको अतिरिक्त मौसूफको अरू कार्य सम्पादनको सिलसिलामा पुन: राजसभासंग परामर्श लिन सकिवक्सनेछ ।

(१३) अन्यथा व्यवस्था भएकोमा बाहेक राजसभा वा त्यसको स्थायी समितिको निर्णय उपस्थित भई मतदान गर्ने सदस्यहरूको बहुमतबाट हुनेछ ।

(१४) राजसभा वा त्यसको स्थायी समितिले यस धाराको अधीनमा रही आफ्नो कार्य सञ्चालन व्यवस्थित गर्ने नियमहरू बनाउन सक्नेछ र त्यसरी नियमहरू नबनुञ्जेलसम्म **श्री ५** बाट बनाइवक्सेको नियमहरूद्वारा व्यवस्थित हुनेछ ।

(१५) राजसभाको सचिव **श्री ५** बाट नियुक्त गरिवक्सनेछ ।

(१६) राजसभाका सदस्यहरूले **श्री ५** बाट निर्धारित रूपमा शपथ लिनेछन् ।

शुद्धाशुद्धि

धारा २३ को उपधारा (१२) को तेस्रो हरफमा रहेको "पुन:" को सट्टा "पनि" गरी पढनु हुन ।

# भाग ७

## मन्त्रिपरिषद्

२४. **कार्यकारिणी अधिकारको प्रयोग :** (१) नेपालको कार्यकारिणी अधिकार **श्री ५** बाट यो संविधान र तत्काल प्रचलित अन्य कानून बमोजिम स्वयं वा मन्त्रीहरूद्वारा वा मौसूफको मातहतका अन्य कर्मचारीहरूद्वारा प्रयोग गरिबक्सिनेछ ।

(२) यस संविधानको व्यवस्था अनुसार **श्री ५** बाट कुनै व्यक्ति वा अधिकारीसंग परामर्श गरिबक्सेको छ छैन र कुनै व्यक्ति वा अधिकारीले **श्री ५** मा कुनै सल्लाह वा सिफारिश पेश गरेको छ छैन र पेश गरेको भए के कस्तो सल्लाह वा सिफारिश पेश गरेको छ भन्ने प्रश्न कुनै पनि अदालतमा उठाइने छैन ।

(३) यस संविधान अनुसार **श्री ५** बाट गरिबक्सिने सबै कार्यकारिणी काम, उपधारा (४) अन्तर्गतको नियममा **श्री ५** को नाममा हुने भनी लेखिएमा बाहेक, **श्री ५** को सरकारको नाममा हुनेछ ।

(४) **श्री ५** को वा श्री ५ को सरकारको नाममा तयार भई कार्यान्वित हुने आदेश, निर्णय र अरू अधिकारपत्रहरू **श्री ५** बाट बनाइबक्सने नियम बमोजिम प्रमाणित गरिनेछन् र त्यसरी प्रमाणित भएको आदेश, निर्णय वा अधिकारपत्र **श्री ५** बाट वा श्री ५ को सरकारबाट तयार गराएको वा कार्यान्वित भएको होइन भनी त्यस्तो आदेश, निर्णय वा अधिकारपत्र बारे कुनै प्रश्न उठाइने छैन ।

ॐ२५. **मन्त्रिपरिषद्को गठन र कार्य :** (१) **श्री ५** लाई मौसूफको कार्य सम्पादनमा सहायता र सल्लाह दिन एक मन्त्रिपरिषद् रहनेछ । यो संविधान, तत्काल

ॐ संविधानको पहिलो संशोधनद्वारा संशोधित ।

प्रचलित अन्य कानून र **श्री ५** बाट नेपाल र नेपालीको हितका लागि समय समयमा बक्सेको मार्गप्रदर्शनका अधीनमा रही मुलुकको शासनको सामान्य निर्देशन र नियन्त्रण गर्नु मन्त्रिपरिषद्को कर्तव्य हुनेछ ।

(२) मन्त्रिपरिषद्मा आवश्यकतानुसार प्रधान मन्त्री, उपप्रधान मन्त्री र **श्री ५** का अन्य मन्त्रीहरू रहनेछन् ।

(३) **श्री ५** बाट मन्त्रिपरिषद्को गठन मौसूफको अध्यक्षतामा वा प्रधान मन्त्रीको अध्यक्षतामा गरिबक्सनेछ । ⚘मौसूफको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन गरिबक्सेको अवस्थामा पनि उपयुक्त सम्झिबक्सेमा प्रधान मन्त्री वा उपप्रधान मन्त्री वा दुवै नियुक्त गर्न सकिबक्सनेछ ।

(४) मन्त्रिपरिषद्को बैठकमा **श्री ५** उपस्थित होइबक्सेको अवस्थामा मन्त्रिपरिषद्को बैठकको सभापतित्व मौसूफबाट ग्रहण गरिबक्सनेछ ।

⚘२६. **श्री ५ का मन्त्रीहरू** : (१) **श्री ५** बाट राष्ट्रिय पञ्चायतका सदस्यहरूमध्येबाट प्रधान मन्त्री, उपप्रधान मन्त्री र अन्य मन्त्रीहरू नियुक्त गरिबक्सनेछ ।

तर **श्री ५** बाट उपयुक्त सम्झिबक्सेमा राष्ट्रिय पञ्चायतको सदस्य नभएको कुनै व्यक्तिलाई पनि बढीमा एक वर्षसम्मको लागि नियुक्त गर्न सकिबक्सनेछ ।

(२) उपधारा (१) बमोजिम प्रधान मन्त्री, उपप्रधान मन्त्री र अन्य मन्त्रीहरूको नियुक्ति गरिबक्सँदा **श्री ५** बाट चाहिबक्सेमा गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको परामर्श लिइबक्सनेछ ।

(३) मन्त्रीहरू **श्री ५** प्रति सामूहिक र पृथक् रूपमा उत्तरदायी हुनेछन् र आफ्नो मन्त्रालयको कामको लागि प्रत्येक मन्त्रीको व्यक्तिगत जिम्मेवारी रहनेछ ।

(४) प्रधान मन्त्री देहायका अवस्थामा आफ्नो पदबाट मुक्त हुनेछन्:–

(क) लिखित राजीनामा **श्री ५** बाट स्वीकृत भएमा;

(ख) राष्ट्रिय पञ्चायतको सदस्य नरहेमा;

---

⚘ संबिधानको दोस्रो संशोधनद्वारा थप ।

⚘ संविधानको दोस्रो संशोधनद्वारा संशोधित ।

नोटः– धारा २६ मा संविधानको पहिलो संशोधन द्वारा पनि संशोधन भएको ।

(ग) उपधारा (१) को प्रतिबन्धात्मक वाक्यांश अनुसार नियुक्त भएको भए त्यसरी नियुक्त भएको एक वर्षसम्ममा राष्ट्रिय पञ्चायतको सदस्य हुन नसकेमा;

(घ) आफ्नो पदको जिम्मेवारी ईमान्दारीपूर्वक पूरा नगरेको भनी राष्ट्रिय पञ्चायतको सम्पूर्ण सदस्य संख्याको तीन खण्डको दुई खण्ड बहुमतले पारित गरेको प्रस्ताव **श्री ५** बाट स्वीकृत गरिबक्सेमा; वा

(ङ) **श्री ५** बाट हटाइबक्सेमा।

(५) उपप्रधान मन्त्री र अन्य मन्त्री देहायका अवस्थामा आफ्नो पदबाट मुक्त हुनेछन्:—

(क) उपधारा (४) का खण्डहरूमा लेखिएका अवस्थामा ; वा

(ख) प्रधान मन्त्रीको अध्यक्षतामा मन्त्रिपरिषद् गठन भएको भए निज आफ्नो पदबाट मुक्त भएमा।

§२६ क. **राज्यमन्त्री** : (१) **श्री ५** बाट राष्ट्रिय पञ्चायतका सदस्यहरूमध्येबाट आवश्यकतानुसार राज्यमन्त्री नियुक्त गर्न सकिबक्सनेछ।

§§(२) धारा २६ को उपधारा (२), (३), खण्ड (ग) बाहेक उपधारा (४) र उपधारा (५) को खण्ड (ख) मा लेखिएका कुराहरू राज्यमन्त्रीका हकमा पनि लागू हुनेछ।

२७. **सहायक मन्त्री** : (१) **श्री ५** बाट मौसूफको कुनै मन्त्रीलाई कार्यभार सञ्चालन गर्न सहायता दिनको निमित्त राष्ट्रिय पञ्चायतका सदस्यहरूमध्येबाट सहायक मन्त्री नियुक्त गर्न सकिबक्सनेछ।

§§(२) धारा २६ को उपधारा (२), (३), खण्ड (ग) बाहेक उपधारा (४) र उपधारा (५) को खण्ड (ख) मा लेखिएका कुराहरू सहायक मन्त्रीका हकमा पनि लागू हुनेछ।

---

§ संविधानको पहिलो संशोधनद्वारा थप।

§§ संविधानको दोस्रो संशोधनद्वारा संशोधित।

※२८. **पारिश्रमिक :** **श्री ५** का मन्त्रीहरू, राज्यमन्त्रीहरू र सहायकमन्त्रीहरूको पारिश्रमिक ऐनद्वारा निर्धारित हुनेछ र त्यसरी निर्धारित नभएसम्म **श्री ५** बाट नियम बनाई तोकिबक्से बमोजिम हुनेछ।

२९. **सरकारी कार्य सञ्चालन :** (१) श्री ५ को सरकारको कार्य विभाजन र कार्य सम्पादन **श्री ५** बाट स्वीकृत नियमावली बमोजिम हुनेछ।

(२) उपधारा (१) अन्तर्गतको नियमावलीको पालना भयो भएन भन्ने सवाल जवाफ कुनै अदालतमा हुने छैन।

※ संविधानको पहीलो संशोधनद्वारा संशोधित।

# भाग ८

## स्थानीय पञ्चायतहरू र राष्ट्रिय पञ्चायत

## परिच्छेद १

## स्थानीय पञ्चायतहरू

§§३०. **गाउँ सभा र नगर सभा** :(१) कानून बमोजिम तोकिएको कुनै एक गाउँ वा गाउँको भाग वा गाउँहरूको समूहमा गाउँ सभा र नगरमा नगर सभा रहनेछ।

(२) गाउँ सभा र नगर सभाको गठन, काम, कर्तव्य र अधिकार कानूनद्वारा व्यवस्थित हुनेछ।

§§३१. **गाउँ पञ्चायत र नगर पञ्चायत** : (१) प्रत्येक गाउँ सभा र नगर सभाको एउटा कार्यकारिणी समिति रहनेछ जसलाई क्रमशः गाउँ पञ्चायत र नगर पञ्चायत भनिनेछ।

(२) गाउँ पञ्चायत र नगर पञ्चायतको गठन, काम, कर्तव्य र अधिकार कानूनद्वारा व्यवस्थित हुनेछ।

३२. **जिल्ला पञ्चायत** :§§(१) प्रत्येक जिल्लामा एउटा जिल्ला सभा रहनेछ।

§§(२) प्रत्येक जिल्ला सभाको एउटा कार्यकारिणी समिति रहनेछ जसलाई जिल्ला पञ्चायत भनिनेछ।

(३) जिल्ला सभा र जिल्ला पञ्चायतको गठन, काम, कर्तव्य र अधिकार कानूनद्वारा व्यवस्थित हुनेछ।

§§ ३३. **अञ्चल सभा** : अञ्चल भित्रका जिल्ला पञ्चायतहरूका सम्पूर्ण सदस्यहरूको समूहलाई अञ्चल सभा भनिनेछ।

---

§§ संविधानको दोस्रो संशोधनद्वारा संशोधित।

नोटः– धारा ३३ मा संविधानको पहिलो संशोधन द्वारा पनि संशोधन भई २०२४।११।१६ देखि प्रारम्भ भएको।

## परिच्छेद २

## राष्ट्रिय पञ्चायत

§३४. **राष्ट्रिय पञ्चायतको गठन :** (१) नेपालमा एउटा राष्ट्रिय पञ्चायत रहनेछ जो पञ्चायती व्यवस्थाको सबभन्दा माथिल्लो तह हुनेछ र जसको गठन, काम, कर्तव्य र अधिकार यस संविधानमा लेखिए बमोजिम हुनेछ।

(२) राष्ट्रिय पञ्चायतमा देहाय बमोजिमका सदस्यहरू रहने छन्ः–

(क) अनुसूची ४ बमोजिमका निर्वाचित सदस्यहरू, र

(ख) खण्ड (क) बमोजिमको सम्पूर्ण सदस्य संख्याको बीस प्रतिशत श्री ५ बाट मनोनीत सदस्यहरू।

(३) उपधारा (२) को खण्ड (क) बमोजिमका सदस्यहरूको निर्वाचन कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

(४) राष्ट्रिय पञ्चायत लगायत पञ्चायतका सबै तहका निकायका सदस्यहरूको निर्वाचनको निमित्त नेपालका सम्पूर्ण अञ्चलहरूलाई चार समूहमा विभाजन गरिनेछ र यो उपधारा प्रारम्भ भएपछि प्रत्येक वर्ष एक समूहमा निर्वाचन गरिनेछ। कुन अञ्चललाई कुन समूहमा समावेश गर्ने भन्ने कुरा र समूहहरूको निर्वाचनक्रम निर्वाचन आयोगले निर्धारण गर्नेछ। त्यसरी निर्धारण गरेको कुराको सूचना निर्वाचन आयोगले सम्बन्धित समूहमा निर्वाचन समय प्रारम्भ हुनु अगावै नेपाल राजपत्रमा प्रकाशित गर्नेछ।

(५) उपधारा (२) र उपधारा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो उपधारा प्रारम्भ हुँदाका बखत कायम रहेका अञ्चल सभाद्वारा

---

§संविधानको दोस्रो संशोधनद्वारा संशोधित।

निर्वाचित र **श्री ५** बाट मनोनीत राष्ट्रिय पञ्चायतका सदस्यहरू आफ्नो पदावधिभर धारा ३८ को उपधारा (१) को खण्ड (क), (ख), (ग) र (घ) र उपधारा (२) को अधीनमा रही कायम रहनेछन्।

(६) उपधारा (५) बमोजिम कायम रहेको निर्वाचित सदस्यको स्थान उपधारा (४) बमोजिम सम्बन्धित समूहमा निर्वाचन हुने सालभन्दा अगाडि रिक्त भएमा त्यसको पूर्ति सो सदस्य जुन कानून अनुसार निर्वाचित भएको थियो सोही अनुसार गरिनेछ।

(७) उपधारा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपधारा बमोजिम कायम रहेको निर्वाचित सदस्य र उपधारा (६) बमोजिम निर्वाचित सदस्यको पदावधि उपधारा (४) बमोजिम सम्बन्धित समूहमा निर्वाचन हुने सालको पौष मसान्तमा समाप्त हुनेछ।

(८) अनुसूची ४ लाई समय समयमा ऐनद्वारा संशोधन गर्न सकिनेछ।

❁३५. **सदस्यताको लागि योग्यता** : राष्ट्रिय पञ्चायतको सदस्य हुनको निमित्त कुनै पनि व्यक्ति–

(क) नेपालको नागरिक हुनु पर्दछ;

(ख) उमेर पच्चीस वर्ष पूरा भएको हुनु पर्दछ;

(ग) ⁂........

❂(घ) बहालवाला सरकारी कर्मचारी हुनु हुँदैन;

(ङ) धारा ३८ को उपधारा (२) अनुसार निष्काशित भएको हुनु हुँदैन; र

(च) कुनै ❂कानूनले अयोग्य हुनु हुँदैन।

तर यो धाराको खण्ड (ङ) मा लेखिएको बन्देज **श्री ५** बाट उपयुक्त ठहराइबक्सेको समय र अवस्थामा कुनै व्यक्तिका हकमा हटाउन सकिबक्सनेछ।

---

❁संविधानको पहिलो संशोधनद्वारा संशोधित भई मिति २०३२।८।२६ देखि प्रारम्भ भएको।

⁂संविधानको दोस्रो संशोधनद्वारा झिकिएको।

❂संविधानको दोस्रो संशोधनद्वारा संशोधित।

❀३६. **सदस्यहरूको अयोग्यता सम्बन्धी निर्णय :** राष्ट्रिय पञ्चायतको कुनै सदस्य धारा ३५ अनुसारको कुनै योग्यता रहित छ वा हुन गएको छ भन्ने प्रश्न उठेमा त्यसको अन्तिम निर्णय **श्री ५** बाट निर्वाचन आयोगसंग परामर्श गरी गरिबक्सनेछ।

❀❀३७. **सदस्यहरूको पदावधि** :(१) राष्ट्रिय पञ्चायतका सदस्यहरूको पदावधि चार वर्षको हुनेछ।

(२) यो धारा बमोजिम निर्वाचित सदस्यको पदावधि समाप्त हुने गणना गर्दा धारा ३४ को उपधारा (४) बमोजिम सम्बन्धित समूहमा अर्को पटक निर्वाचन हुने सालको पौष मसान्तमा समाप्त भएको मानिनेछ।

(३) कुनै कारणवश निर्धारित समयमा कुनै समूहको कुनै निर्वाचन सम्पन्न हुन नसकी अरू समयमा सम्पन्न भएमा पनि सो निर्वाचनमा निर्वाचित सदस्यको पदावधि गणना गर्दा निर्धारित समयमा निर्वाचन भए सरह सम्झी गणना गरिनेछ।

(४) निर्वाचित वा मनोनीत सदस्यहरूको पदावधि निर्वाचन वा मनोनयन भएको मितिदेखि प्रारम्भ हुनेछ।

❀❀३८. **स्थानको रिक्तता** :(१) राष्ट्रिय पञ्चायतका सदस्यको स्थान देहायका अवस्थामा रिक्त हुनेछः—

(क) मृत्यु भएमा;

(ख) राष्ट्रिय पञ्चायतको अध्यक्षलाई लिखित सूचनाद्वारा राजीनामा दिएमा;

(ग) धारा ३५ अनुसारको योग्यता नरहेमा;

(घ) राष्ट्रिय पञ्चायतको स्वीकृति नलिई लगातार एक महीनासम्म राष्ट्रिय पञ्चायतको बैठकमा अनुपस्थित रहेमा;

(ङ) धारा ३७ अनुसार पदावधि समाप्त भएमा; वा

(च) कानूनमा व्यवस्था भए बमोजिम प्रत्याह्वान गरिएमा।

---

❀ संविधानको पहिलो संशोधनद्वारा संशोधित।

❀❀ संविधानको दोस्रो संशोधनद्वारा संशोधित।

नोटः— धारा ३७ को प्रतिबन्धात्मक वाक्यांशमा संविधानको पहिलो संशोधनद्वारा पनि संशोधन भई सो प्रतिबन्धात्मक वाक्यांश मिति २०२४।१२।१९ देखि प्रारम्भ भएको।

तर प्रधान मन्त्री, उपप्रधान मन्त्री, अन्य मन्त्री, राज्य-मन्त्री वा सहायक मन्त्रीको पदमा नियुक्त सदस्यलाई प्रत्याह्वान गर्न सकिने छैन।

(२) राष्ट्रिय पञ्चायतको कुनै सदस्यले आफ्नो पद अनुसारको आचरण गरेको छैन भनी गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले ठहऱ्याई प्रतिवेदन पेश गरेमा र सो प्रतिवेदन **श्री ५** बाट स्वीकृत गरिबक्सेमा राष्ट्रिय पञ्चायतको त्यस्तो सदस्य निष्काशित भएको मानिनेछ र निजको स्थान स्वतः रिक्त हुनेछ।

तर त्यस्तो आरोप लागेको राष्ट्रिय पञ्चायतको सदस्यलाई आफ्नो सफाइ दिनको निमित्त मनासिब मौकाबाट बञ्चित गरिने छैन।

(३) राष्ट्रिय पञ्चायतको कुनै सदस्यता रिक्त हुन आएमा त्यस्को पूर्ति यथाशिघ्र गरिनेछ। जुन सदस्यको स्थान रिक्त भएको छ सो सदस्य निर्वाचित भएको भए निर्वाचनद्वारा र मनोनीत भएको भए मनोनयनद्वारा पूर्ति गरिनेछ।

(४) कुनै सदस्यको स्थान सो सदस्यको पदावधि समाप्त नहुँदैमा रिक्त हुन गयो भने निजको स्थानमा बाँकी रहन गएको पदावधिको निमित्त मात्र निर्वाचन वा मनोनयन हुन सक्नेछ।

§§३९. अध्यक्ष: (१) राष्ट्रिय पञ्चायतका सम्पूर्ण सदस्य संख्याको तीन खण्डको दुई खण्ड बहुमत प्राप्त गर्ने राष्ट्रिय पञ्चायतको सदस्यलाई राष्ट्रिय पञ्चायतको सिफारिशमा **श्री ५** बाट राष्ट्रिय पञ्चायतको अध्यक्ष नियुक्त गरिबक्सनेछ। अध्यक्ष पदमा नियुक्त हुन सिफारिश गरिनको लागि कुनै पनि सदस्यले आवश्यक बहुमत प्राप्त गर्न नसकेको व्यहोरा राष्ट्रिय पञ्चायतबाट **श्री ५** का हजूरमा जाहेर भएमा गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको परामर्शमा राष्ट्रिय पञ्चायतको सदस्यहरू-मध्येबाट मौसूफबाट राष्ट्रिय पञ्चायतको अध्यक्ष नियुक्त गरिबक्सनेछ।

(२) राष्ट्रिय पञ्चायतको अध्यक्षको पदावधि चार वर्षको हुनेछ।

(३) राष्ट्रिय पञ्चायतको अध्यक्षको पद देहायका अवस्थामा रिक्त हुनेछः—

---

§§ संविधानको दोस्रो संशोधनद्वारा संशोधित।

नोटः— धारा ३८ को उपधारा (२) मा संविधानको पहिलो संशोधनद्वारा पनि संशोधन भएको र उपधारा (२ क) थप भएको।

(क) लिखित राजीनामा **श्री ५** बाट स्वीकृत भएमा;

(ख) राष्ट्रिय पञ्चायतको सदस्य नरहेमा;

(ग) उपधारा (२) अनुसार पदावधि समाप्त भएमा;

(घ) गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको सिफारिश अनुसार **श्री ५** बाट हटाइबक्सेमा; वा

(ङ) निजले आफ्नो पदको जिम्मेवारी ईमान्दारीपूर्वक पूरा नगरेको भनी राष्ट्रिय पञ्चायतको सम्पूर्ण सदस्य संख्याको तीन खण्डको दुई खण्ड बहुमतले पारित गरेको प्रस्ताव **श्री ५** बाट स्वीकृत गरिबक्सेमा।

(४) राष्ट्रिय पञ्चायतको अध्यक्षको पद रिक्त भएमा वा अस्वस्थता वा अरू कुनै कारणले राष्ट्रिय पञ्चायतको अध्यक्ष आफ्नो पदको काम गर्न असमर्थ भएमा **श्री ५** बाट राष्ट्रिय पञ्चायतको उपाध्यक्षलाई राष्ट्रिय पञ्चायतको अध्यक्षको सबै कार्य गर्न अधिकृत गर्न सकिबक्सनेछ।

(५) राष्ट्रिय पञ्चायतको अध्यक्षको पद रिक्त भएमा त्यसको पूर्ति यथाशिघ्र उपधारा (१) बमोजिम गरिनेछ।

(६) राष्ट्रिय पञ्चायतको अध्यक्षको नियुक्ति नहुन्जेलसम्मका लागि राष्ट्रिय पञ्चायतको उपाध्यक्ष पनि नभएको अवस्थामा **श्री ५** बाट तोकिबक्सेको व्यक्तिले राष्ट्रिय पञ्चायतको अध्यक्षता गर्नेछ।

§§४०. **उपाध्यक्ष** :(१) राष्ट्रिय पञ्चायतको सम्पूर्ण सदस्य संख्याको तीन खण्डको दुई खण्ड बहुमत प्राप्त गर्ने राष्ट्रिय पञ्चायतको सदस्यलाई राष्ट्रिय पञ्चायतको सिफारिशमा **श्री ५** बाट राष्ट्रिय पञ्चायतको उपाध्यक्ष नियुक्त गरिबक्सनेछ। उपाध्यक्ष पदमा नियुक्त हुन सिफारिश गरिनको लागि कुनै पनि सदस्यले आवश्यक बहुमत प्राप्त गर्न नसकेको व्यहोरा राष्ट्रिय पञ्चायतबाट **श्री ५** का हजूरमा जाहेर भएमा गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको परामर्शमा राष्ट्रिय पञ्चायतका सदस्यहरू मध्येबाट मौसूफबाट राष्ट्रिय पञ्चायतको उपाध्यक्ष नियुक्त गरिबक्सनेछ।

(२) राष्ट्रिय पञ्चायतको उपाध्यक्षले राष्ट्रिय पञ्चायतको अध्यक्षको अनुपस्थितिमा राष्ट्रिय पञ्चायतका बैठकहरूको सभापतित्व गर्नेछ र

---

§§ संविधानको दोस्रो संशोधनद्वारा संशोधित।

धारा ३९ को उपधारा (४) अनुसार अधिकृत भएमा राष्ट्रिय पञ्चायतको अध्यक्षको सबै कार्य गर्नेछ ।

(३) राष्ट्रिय पञ्चायतको उपाध्यक्षको पदावधि चार वर्षको हुनेछ ।

(४) यस अघिका उपधाराहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि यो उपधारा प्रारम्भ हुँदाका बखत कायम रहेको राष्ट्रिय पञ्चायतको उपाध्यक्षको पदावधि निज उपाध्यक्ष छानिएको मितिले दुई वर्ष सम्म उपधारा (५) को खण्ड (क), (ख), (घ), र (ङ) को अधीनमा रही कायम रहनेछ ।

(५) राष्ट्रिय पञ्चायतको उपाध्यक्षको पद देहायको अवस्थामा रिक्त हुनेछः—

(क) लिखित राजीनामा **श्री ५** बाट स्वीकृत भएमा;

(ख) राष्ट्रिय पञ्चायतको सदस्य नरहेमा;

(ग) उपधारा (३) अनुसार पदावधि समाप्त भएमा;

(घ) गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको सिफारिश अनुसार **श्री ५** बाट हटाइबक्सेमा; वा

(ङ) निजले आफ्नो पदको जिम्मेवारी ईमान्दारीपूर्वक पूरा नगरेको भनी राष्ट्रिय पञ्चायतको सम्पूर्ण सदस्य संख्याको तीन खण्डको दुई खण्ड बहुमतले पारित गरेको प्रस्ताव **श्री ५** बाट स्वीकृत गरिबक्सेमा ।

(६) राष्ट्रिय पञ्चायतको उपाध्यक्षको पद रिक्त भएमा त्यसको पूर्ति यथाशिघ्र उपधारा (१) बमोजिम गरिनेछ ।

४१. **निर्देशक समिति** : (१) राष्ट्रिय पञ्चायतमा पेश हुने कार्यक्रम सुव्यवस्थित ढङ्गले मिलाउने सम्बन्धमा र अन्य विषयहरूमा समेत राष्ट्रिय पञ्चायतको अध्यक्षलाई सल्लाह दिनको निमित्त §§ उपधारा (२) बमोजिमका पदेन सदस्यहरूको अतिरिक्त चौध जना सदस्यहरूको एउटा निर्देशक समिति रहनेछ । निर्देशक समितिको अरू कार्य राष्ट्रिय पञ्चायतको नियमावलीमा लेखिए बमोजिम हुनेछ ।

§§ संविधानको दोस्रो संशोधनद्वारा संशोधित ।

❀(२) राष्ट्रिय पञ्चायतका अध्यक्ष र उपाध्यक्ष निर्देशक समितिका पदेन अध्यक्ष र उपाध्यक्ष हुनेछन् र प्रधानमन्त्री, अर्थमन्त्री, गृहमन्त्री, पञ्चायत मन्त्री र ❀कानून तथा न्याय मन्त्री पदेन सदस्य हुनेछन् । निर्देशक समितिका अरू सदस्यहरूको निर्वाचन राष्ट्रिय पञ्चायतको नियमावलीमा लेखिएको तरीकाले राष्ट्रिय पञ्चायतका सदस्यहरूद्वारा गरिनेछ ।

❀**स्पष्टीकरण–** यस उपधाराको प्रयोजनको निमित्त "मन्त्री" भन्नाले मन्त्री नियुक्त नभएको अवस्थामा मन्त्री सरह कार्यभार सम्हाल्ने राज्यमन्त्री सम्झनु पर्छ ।

(३) निर्देशक समितिको पदेन सदस्य बाहेक अरू सदस्यहरूको कार्यकाल दुई वर्षको हुनेछ ।

❀४१क. **अन्य समितिहरू** : (१) राष्ट्रिय पञ्चायतका सदस्यहरूलाई मुलुकको शासनमा बढी मात्रामा शरीक गराउने उद्देश्यले राष्ट्रिय पञ्चायतका विभिन्न विषयका समितिहरू रहनेछन् ।

(२) उपधारा (१) बमोजिमका समितिहरूको गठन, काम, कारवाई र राष्ट्रिय पञ्चायतको विषयसंग सम्बन्धित अरू समितिहरूको व्यवस्था राष्ट्रिय पञ्चायतको नियमावलीमा भए बमोजिम हुनेछ ।

४२. **अधिवेशन** : (१)यो संविधान प्रारम्भ भएपछि **श्री ५** बाट यथाशक्य चाँडो राष्ट्रिय पञ्चायतका सदस्यहरूलाई राष्ट्रिय पञ्चायतको प्रथम अधिवेशनमा बोलाइबक्सनेछ ।

(२) त्यसपछि यस संविधानका धाराहरूको अधीनमा रही समय समयमा राष्ट्रिय पञ्चायतका सदस्यहरूलाई अरू अधिवेशनहरूमा **श्री ५** बाट बोलाउन सकिबक्सनेछ ।

❀(३) **श्री ५** बाट राष्ट्रिय पञ्चायतको अधिवेशनको अन्त गर्न सकिबक्सनेछ । तर एउटा अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भको बीचको अवधि सामान्यतः एक वर्ष भन्दा बढी हुने छैन ।

---

❀ संविधानको पहिलो संशोधनद्वारा संशोधित ।
❀ संविधानको दोस्रो संशोधनद्वारा संशोधित ।
❀ संविधानको दोश्रो सशोधन द्वारा थप ।
❀ धारा ४१ क. संविधानको पहिलो संशोधनद्वारा थप भई हाल संविधानको दोस्रो संशोधनद्वारा संशोधित ।

§§(४) राष्ट्रिय पञ्चायतको बैठक स्थगित भएको बखतमा, राष्ट्रिय पञ्चायतको बैठक शीघ्रतर बोलाउन आवश्यक सम्झिबक्सेमा **श्री ५** बाट त्यस्तो बैठक बस्ने मिति र समय तोक्न सकिबक्सनेछ र त्यसरी तोकिएको मिति र समयमा राष्ट्रिय पञ्चायतको बैठक बस्नेछ।

§§(५) राष्ट्रिय पञ्चायतको बैठक राष्ट्रिय पञ्चायतको नियमावलीको अधीनमा रही पारित भएको कुनै प्रस्ताव अनुसार स्थगित हुन सक्नेछ।

§§(६) राष्ट्रिय पञ्चायतको बैठक राष्ट्रिय पञ्चायतको नियमावलीको अधीनमा रही सामान्यतः खुला रूपमा हुनेछ।

४३. **श्री ५ बाट सम्बोधन र सन्देश** : (१) **श्री ५** बाट राष्ट्रिय पञ्चायतलाई सम्बोधन गर्न सकिबक्सनेछ र त्यसको निमित्त सदस्यहरूको उपस्थिति समादेश गर्न सकिबक्सनेछ।

(२) **श्री ५** बाट राष्ट्रिय पञ्चायतलाई सन्देश पठाउन सकिबक्सनेछ र राष्ट्रिय पञ्चायतले सो सन्देशमा रहेका कुराहरूमाथि यथाशिघ्र विचार गरी **श्री ५** का हजूरमा आफ्नो राय चढाउनु पर्नेछ।

४४.**......

§§४५. **बहसमा बन्देज** .(१) **श्री ५**, श्री ५ बडामहारानी र राजपरिवारका अन्य सदस्यहरूको आचरणका सम्बन्धमा राष्ट्रिय पञ्चायतमा कुनै छलफल गर्न पाइने छैन।

तर यस उपधारामा भएको कुनै कुराले पनि श्री ५ को सरकारको आलोचना गर्न बाधा पुऱ्याएको मानिने छैन।

(२) दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीको सिद्धान्त विरुद्ध राष्ट्रिय पञ्चायतमा छलफल गर्न पाइने छैन।

(३) कुनै न्यायाधीशले आफ्नो कर्तव्यपालनको सिलसिलामा गरेको कुनै कार्यको विषयमा राष्ट्रिय पञ्चायतमा छलफल गर्न पाइने छैन।

---

§§ संविधानको दोस्रो संशोधनद्वारा संशोधित।

** संविधानको दोस्रो संशोधनद्वारा खारेज।

नोटः– धारा ४२ को उपधारा (६) मा संविधानको पहिलो संशोधनद्वारा पनि संशोधन भएको।

(४) नेपालको कुनै अदालतको समक्ष विचाराधीन रहेको कुनै मुद्दा सम्बन्धी कुरामा राष्ट्रिय पञ्चायतमा छलफल गर्न पाइने छैन ।

४६. **मतदान** : यो संविधानमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक राष्ट्रिय पञ्चायतमा निर्णयको निमित्त प्रस्तुत गरिएको जुनसुकै प्रश्नको निर्णय उपस्थित भई मतदान गर्ने सदस्यहरूको बहुमतबाट हुनेछ । अध्यक्षता गर्ने व्यक्तिलाई सामान्यतः मत दिने अधिकार हुनेछैन तर मत बराबर भएमा निजले आफ्नो निर्णायक मत दिनेछ ।

४७. **कुनै स्थानको रिक्तावस्थामा राष्ट्रिय पञ्चायतको कार्यसञ्चालन अधिकार** : राष्ट्रिय पञ्चायतको कुनै सदस्यता रिक्त छ भने पनि आफ्नो कार्य चालू राख्ने अधिकार राष्ट्रिय पञ्चायतलाई हुनेछ र त्यस्तो अवस्थामा वा राष्ट्रिय पञ्चायतको कारवाईमा भाग लिन नपाउने कुनै व्यक्तिले भाग लिएको कुरा पछि पत्ता लाग्यो भने पनि त्यहाँ भएको जुनसुकै कार्य मान्य हुनेछ ।

४८. **अनधिकार उपस्थिति वा मतदानको दण्ड** : (१) धारा ५२ को रीत नपुर्याई वा राष्ट्रिय पञ्चायतको सदस्यताको निमित्त चाहिने योग्यताको अभाव छ भन्ने थाहा पाउँदा पाउँदै पनि कुनै व्यक्ति राष्ट्रिय पञ्चायतको सदस्यको हैसियतमा उपस्थित हुन्छ वा मतदान गर्छ भने निजलाई त्यसरी उपस्थित भएको वा मतदान दिएको हरएक दिनको एक सय रूपैयाँको दरले दण्ड लाग्नेछ र सो दण्ड सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

§§(२) उपधारा (१) को कुनै पनि कुरा धारा २६ को उपधारा (१) को प्रतिबन्धात्मक वाक्यांश अनुसार नियुक्त **श्री ५** का मन्त्रीलाई लागू हुने छैन र निजले राष्ट्रिय पञ्चायतको बैठकमा उपस्थित हुन र राष्ट्रिय पञ्चायतको कारवाईमा भाग लिन पाउनेछन् ।

तर राष्ट्रिय पञ्चायतको सदस्य नभएसम्म निजले त्यहाँ मतदान गर्न पाउने छैनन् ।

§§४९. **गणपूरक संख्या** : राष्ट्रिय पञ्चायतको गणपूरक संख्या राष्ट्रिय पञ्चायतको सम्पूर्ण सदस्य संख्याको चार खण्डको एक खण्ड हुनेछ । राष्ट्रिय पञ्चायतको

---

§§ संविधानको दोस्रो संशोधनद्वारा संशोधित ।

नोटः– धारा ४८ को उपधारा (२) मा संविधानको पहिलो संशोधनद्वारा पनि संशोधन भएको ।

राष्ट्रिय

बैठक बस्दा वा बसेको समयमा गणपूरक संख्या पुगेको छैन भनी अध्यक्षता गर्ने व्यक्तिको ध्यान आकर्षित गराइयो भने निजले राष्ट्रिय पञ्चायतको नियमावलीको अधीनमा रही सो संख्या नपुगेसम्म बैठकको कार्य निलम्बन गर्न वा अर्को कुनै समय वा दिनसम्मको लागि बैठक स्थगित गर्न सक्नेछ ।

५०. **कार्य सञ्चालन विधि :** ❀❀(१) यस संविधानमा लेखिएका कुराहरूका अधीनमा रही आफ्नो वा आफ्ना समितिहरूको कार्यसञ्चालन गर्न, बैठक बसेको समयमा व्यवस्था कायम राख्न, धारा ४१ क अन्तर्गतका समितिहरूको गठन, काम, कारवाई र अरू कुनै कुरा नियमित गर्नको निमित्त राष्ट्रिय पञ्चायतले नियमावली बनाउन सक्नेछ । त्यस्तो नियमावली **श्री ५** बाट स्वीकृति बक्सेपछि लागू हुनेछ ।

(२) उपधारा (१) बमोजिमको नियमावली नबनुञ्जेलसम्मका लागि सो उपधारामा उल्लेख गरिएका कुराहरू **श्री ५** बाट बनाइबक्सेको नियमावली अनुसार व्यवस्थित हुनेछन् ।

५१. **राष्ट्रिय पञ्चायतको विशेषाधिकार :** (१) यो संविधान र राष्ट्रिय पञ्चायतको नियमावलीको अधीनमा रही राष्ट्रिय पञ्चायतमा पूर्ण वाक स्वतन्त्रता रहनेछ र राष्ट्रिय पञ्चायत वा त्यसको कुनै समितिमा बोलेको कुनै कुरा वा दिएको कुनै मतलाई लिएर राष्ट्रिय पञ्चायतको कुनै पनि सदस्यलाई गिरफ्तार गर्न, थुन्न वा निज उपर कुनै अदालतमा कारवाई चलाउन सकिने छैन ।

(२) राष्ट्रिय पञ्चायतलाई आन्तरिक कुराहरू नियमित गर्ने पूरा अधिकार रहनेछ र राष्ट्रिय पञ्चायतको कुनै कारवाई नियमित वा अनियमित के छ सो निर्णय गर्ने अधिकार राष्ट्रिय पञ्चायतलाई मात्र रहनेछ र त्यस सम्वन्धमा कुनै पनि अदालतमा प्रश्न उठाउन सकिने छैन ।

(३) राष्ट्रिय पञ्चायतको कुनै पनि कारवाईलाई राष्ट्रिय पञ्चायतको असल नियत वारे शङ्का उठाई व्याख्या गरिने छैन र कुनै सदस्यले बोलेको कुनै कुराका सम्बन्धमा जानी जानी गलत वा भ्रामक अर्थ लगाई कुनै प्रकारको प्रकाशन गरिने छैन ।

---

❀❀ संविधानको दोस्रो सशोधनद्वारा संशोधित ।

(४) राष्ट्रिय पञ्चायतको कुनै सदस्य वा पदाधिकारीलाई देहायको अवधिभर गिरफ्तार गर्न सकिने छैन:—

(क) राष्ट्रिय पञ्चायतको अधिवेशन कालसम्म; र

(ख) अधिवेशन बोलाइएको सूचना जारी भएपछि अधिवेशन प्रारम्भ नहुन्जेलसम्मको अवधिभर ।

तर निवारक नजरबन्द राख्ने व्यवस्था भएको कुनै कानून अनुसार वा कुनै फौज्दारी अभियोगमा कुनै सदस्य वा पदाधिकारीलाई कानून अनुसार गिरफ्तार गर्न यस उपधाराले कुनै बाधा पुऱ्याएको मानिने छैन र त्यसरी कुनै सदस्य वा पदाधिकारीलाई गिरफ्तार गरिएमा गिरफ्तार गर्ने अधिकारीले त्यसको सूचना राष्ट्रिय पञ्चायतको अध्यक्षलाई तुरुन्त दिनु पर्नेछ ।

(५) राष्ट्रिय पञ्चायतले दिएको अधिकार अन्तर्गत कुनै ❦प्रतिवेदन वा अन्य कागजपत्र वा मतदान वा कारवाई प्रकाशित गरेको विषयलाई लिएर कुनै व्यक्ति उपर कुनै अदालतमा कारवाई चल्ने छैन ।

(६) राष्ट्रिय पञ्चायतको विशेषाधिकारको हननलाई राष्ट्रिय पञ्चायतको अवहेलना मानिनेछ र कुनै विशेषाधिकारको हनन भएको छ छैन भन्ने कुराको निर्णय गर्ने अधिकार राष्ट्रिय पञ्चायतलाई नै हुनेछ ।

(७) (क) कसैले राष्ट्रिय पञ्चायतको अवहेलना गरेमा राष्ट्रिय पञ्चायतको अध्यक्षता गर्ने अधिकारीले राष्ट्रिय पञ्चायतको निर्णयबाट सो व्यक्तिलाई बढीमा राष्ट्रिय पञ्चायतको अधिवेशन चलुन्जेलसम्म कैदको सजाय दिने आदेश दिन सक्नेछ ।

तर त्यस्तो कसूरको अभियोग लागेका व्यक्तिलाई सजाय किन नहुनु पर्ने भन्ने कारण पेश गर्ने मौका नदिई त्यस्तो सजाय दिइने छैन ।

(ख) यस उपधारा बमोजिम सजाय हुने कसूरका सम्बन्धमा आरोप लागेका व्यक्ति उपर गिरफ्तारीको आदेश वा ❦ समाह्वान जारी गर्ने, साक्षी झिकाउने, प्रमाण बुझ्ने, लिखतहरू दाखिल गराउने र बयान बकपत्र

---

❦ संविधानको पहिलो संशोधनद्वारा रूपान्तर ।

गराउने अधिकार राष्ट्रिय पञ्चायतको अध्यक्षता गर्ने अधिकारीलाई हुनेछ ।

(ग) यस उपधारा बमोजिम आफूले कैदको सजाय दिने अधिकार भएको व्यक्तिलाई राष्ट्रिय पञ्चायतले आफ्नो कुनै अधिकारीको जिम्मामा थुन्न वा सरकारी ❀कारागारमा थुनामा राख्न लगाउन पाउनेछ ।

❀❀५२. **शपथ :** राष्ट्रिय पञ्चायतको प्रत्येक सदस्यले राष्ट्रिय पञ्चायत वा त्यसको कुनै समितिको बैठकमा पहिलो पटक भागलिनु अगावै राष्ट्रिय पञ्चायतको अध्यक्ष, निजको अनुपस्थितिमा उपाध्यक्ष वा धारा ३९ को उपधारा (६) बमोजिम तोकिएको व्यक्तिको समक्ष निर्धारित रुपमा शपथ ग्रहण गर्नु पर्नेछ ।

५३. **पारिश्रमिक :** राष्ट्रिय पञ्चायतका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको पारिश्रमिक ऐनद्वारा निर्धारित हुनेछ र त्यसरी निर्धारित नभएसम्म **श्री ५** बाट नियम बनाई तोकिबक्से बमोजिम हुनेछ ।

५४. **सचिव :** राष्ट्रिय पञ्चायतको सचिव **श्री ५** बाट नियुक्त गरिबक्सनेछ ।

---

❀ संविधानको पहिलो संशोधनद्वारा रूपान्तर ।

❀❀ संविधानको दोस्रो संशोधनद्वारा संशोधित ।

# भाग ६

## व्यवस्थापन विधि

§§५५. **विधेयक प्रस्तुत गर्न सकिने :** (१) राष्ट्रिय पञ्चायतका कुनै सदस्यले यो संविधान र धारा ५० अन्तर्गत बनेको नियमावलीको अधीनमा रही धारा ४१क अन्तर्गत गठित सम्बन्धित समितिमा विधेयक पेश गर्न सक्नेछ।

तर–

(क) देहायको कुनै विषयसम्बन्धी विधेयक वा संशोधन **श्री ५** को मन्त्री, राज्यमन्त्री वा सहायक मन्त्री बाहेक अरूले प्रस्तुत गर्नुभन्दा अघि **श्री ५** को अनुमति प्राप्त गर्नु पर्नेछ र त्यस्तो अनुमति **श्री ५** को मन्त्री, राज्यमन्त्री वा सहायक मन्त्रीद्वारा प्राप्त हुनेछ। **श्री ५** बाट त्यस्तो अनुमति बक्सनु अगाडि राजसभासंग परामर्श गर्न सकिबक्सनेछ:–

(१) कर लगाउने वा उठाउने वा करको दर बढाउने;

(२) सञ्चित कोष वा अन्य कुनै सरकारी कोषबाट कुनै रकम विनियोजन वा खर्च गर्ने वा विनियोजन वा खर्च गर्न खोजिएको रकम बढाउने;

(३) राजपरिवारको खर्चसम्वन्धी कुरा; वा

(४) श्री ५ को सरकारको दायित्वको ऋण र जमानत सम्वन्धी कुरा।

(ख) धारा १७ को उपधारा (२) मा उल्लेख गरिएको कुनै वा सबै उद्देश्यले बनेको भनी प्रस्तावनामा लेखिएको विधेयक वा संशोधन **श्री ५** को अनुमतिविना प्रस्तुत गरिने छैन र त्यस्तो अनुमति राष्ट्रिय पञ्चायतको

---

§§ संविधानको दोस्रो संशोधनद्वारा संशोधित।

नोट:– धारा ५५ को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (क) मा संविधानको पहिलो संशोधन द्वारा पनि संशोधन भएको।

सचिवद्वारा प्राप्त हुनेछ। **श्री ५** बाट त्यस्तो अनुमति बक्सनु अगाडि राजसभासंग परामर्श गर्न सकिबक्सनेछ ।

(२) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि शाही नेपाली सेना र सशस्त्र प्रहरीसम्बन्धी विधेयक वा संशोधन सम्बन्धित समितिमा **श्री ५** को मन्त्री, राज्यमन्त्री वा सहायक मन्त्रीले मात्र प्रस्तुत गर्न सक्नेछ ।

(३) उपधारा (१) वा (२) बमोजिम समितिमा विधेयक पेश भएपछि समितिद्वारा राष्ट्रिय पञ्चायतको नियमावली बमोजिम कारवाई भई राष्ट्रिय पञ्चायतमा प्रस्तुत हुनेछ।

५६. **विधेयकमा स्वीकृति** : (१) कुनै विधेयक राष्ट्रिय पञ्चायतमा ❀पारित भएपछि सो विधेयक स्वीकृतिको निमित्त श्री ५ का समक्ष पेश गरिनेछ र मौसूफबाट स्वीकृति बक्सन चाहिबक्सेकोमा सो विधेयक पेश भएका साधारण-तया एक महीनाभित्रमा स्वीकृति बक्सेको सूचना पठाइबक्सनेछ र मौसूफबाट स्वीकृति बक्सन नचाहिबक्सेको वा संशोधन सहित स्वीकृति बक्सन चाहि-बक्सेकोमा उपधारा (२) बमोजिम गरिबक्सनेछ।

(२) राष्ट्रिय पञ्चायतले ❀पारित गरेको कुनै विधेयक माथि **श्री ५** बाट स्वीकृति बक्सन नचाहिबक्सेमा वा संशोधन सहित स्वीकृति बक्सन चाहिबक्सेमा राजसभासंग परामर्श गरी राष्ट्रिय पञ्चायतमा सोही बमोजिम-को सन्देश सहित फिर्ता पठाइबक्सनेछ र राष्ट्रिय पञ्चायतले त्यस्तो सन्देश माथि यथाशीघ्र विचार गरी **श्री ५** मा आफ्नो राय चढाउनेछ र सो राय माथि विचार गरी मौसूफबाट स्वीकृति बक्सने, नबक्सने वा संशोधन सहित स्वीकृति बक्सने अन्तिम निर्णय गरिबक्सनेछ।

(३) राष्ट्रिय पञ्चायतमा छलफल भएको तर ❀पारित हुन नसकेको कुनै विधेयक राष्ट्रिय पञ्चायतमा प्रस्तुत रूपमा वा संशोधन सहित ❀पारित हुन **श्री ५** बाट राजसभासंग परामर्श गरी वाञ्छनीय सम्झिबक्स्यो भने मौसूफबाट कारण सहित सोही बमोजिमको सन्देश राष्ट्रिय पञ्चायतमा पठाइबक्सनेछ र राष्ट्रिय पञ्चायतले सो सन्देशमाथि यथाशीघ्र विचार गरी आफ्नो राय **श्री ५** मा चढाउनेछ र त्यस्तो रायमाथि विचार गरी सो विधेयक

---

❀ संविधानको पहिलो संशोधनद्वारा रूपान्तर ।

राष्ट्रिय पञ्चायतमा प्रस्तुत रूपमा वा संशोधन सहित **श्री ५** बाट स्वीकृत गर्न सकिबक्सनेछ ।

(४) **श्री ५** बाट यो धारा बमोजिम कुनै विधेयकमा स्वीकृति बक्सेपछि सो विधेयक ऐन बन्नेछ र विधेयकमा लालमोहर लागेपछि त्यस्तो स्वीकृति बक्सेको मानिनेछ ।

५७. **अध्यादेश :** (१) राष्ट्रिय पञ्चायतको अधिवेशन नभएको बखतमा तत्काल केही गर्न आवश्यक परेको छ भन्ने कुरामा **श्री ५** सन्तुष्ट होइबक्सेमा यस संविधानमा लेखिएका कुराहरूको प्रतिकूल नहुने गरी मौसूफबाट राजसभासंग चाहिबक्सेमा परामर्श गरी परिस्थिति अनुसार आवश्यक सम्झिबक्सेको अध्यादेश जारी गर्न सकिबक्सनेछ ।

(२) उपधारा (१) अनुसार जारी भएको अध्यादेश ऐन सरह मान्य हुनेछ । तर त्यस्तो प्रत्येक अध्यादेश–

✱ (क) जारी भएपछि बसेको राष्ट्रिय पञ्चायतमा पन्ध्र दिनभित्र पेश गरिनेछ;

(ख) **श्री ५** बाट जुनसुकै समयमा खारेज हुन सक्नेछ; र

✱ (ग) खण्ड (ख) बमोजिम खारेज नभएमा राष्ट्रिय पञ्चायतको बैठक बसेको साठी दिनपछि स्वतः निष्क्रिय हुनेछ ।

---

✱ संविधानको दोस्रो संशोधनद्वारा संशोधित ।

# भाग १०

## आर्थिक कार्य प्रणाली

५८. **कानून बमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाइने :** (१) कानून बमोजिम बाहेक कुनै कर लगाइने र उठाइने छैन ।

❀ (२) कानून बमोजिम बाहेक श्री ५ को सरकारद्वारा कुनै ऋण लिइने र जमानत दिइने छैन ।

५९. **सञ्चित कोष : श्री ५** को निजी राजस्व, गुठी रकम र स्थानीय कर बाहेक श्री ५ को सरकारलाई प्राप्त हुने अरू सबै प्रकारको राजस्व, राजस्वको धितोमा लिइएका सबै कर्जाहरू र ऐनको अधिकार अन्तर्गत दिइएको जुनसुकै ऋण असूल हुँदा प्राप्त भएको सबै धन ऐनद्वारा अर्को कुनै व्यवस्था नगरिएमा एक सरकारी कोषमा आम्दानी बाँधिनेछ जसलाई सञ्चित कोष भनिन्छ ।

६०. **सञ्चित कोषबाट व्यय :** विनियोजन गर्ने ऐन वा धारा ६४ वा ६५ अन्तर्गतको ऐन अनुसार वा सञ्चित कोषमाथि व्ययभार भएको रकम बाहेक सञ्चित कोषबाट वा आकस्मिक कोष बाहेक अन्य कुनै सरकारी कोषबाट कुनै रकम झिक्न सकिने छैन ।

६१. **सञ्चित कोषमाथि व्ययभार :** देहायका कुराहरू सञ्चित कोषमाथि व्ययभार हुनेछन्:–

(क) राजपरिवारको खर्चसम्बन्धी ऐनद्वारा व्यवस्था गरिएको रकम ;

---

❀ संविधानको पहिलो संशोधनद्वारा संशोधित ।

§§(ख) निम्नलिखित पदाधिकारीलाई दिइने पारिश्रमिक:—

(१) प्रधान न्यायाधीश र सर्वोच्च अदालतका अन्य न्यायाधीशहरू;

(२) गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिका अध्यक्ष र सदस्यहरू;

(३) राजसभा स्थायी समितिका सभापति र सदस्यहरू;

(४) अख्तियार दुरुपयोग निवारण आयोगका प्रमुख आयुक्त र आयुक्तहरू;

(५) महालेखा परीक्षक;

(६) लोक सेवा आयोगका अध्यक्ष र सदस्यहरू; र

(७) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरू।

§§(ग) सर्वोच्च अदालत, गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समिति, राजसभा, अख्तियार दुरुपयोग निवारण आयोग, महालेखा परीक्षकको विभाग, लोक सेवा आयोग र निर्वाचन आयोग-सम्बन्धी प्रशासनिक व्ययहरू।

※(घ) श्री ५ को सरकारको दायित्वको ऋण सम्बन्धी भार;

(ङ) श्री ५ को सरकारको विरुद्ध अदालतबाट भएको फैसला वा ※आज्ञप्ति अनुसार तिर्नु पर्ने रकम; र

(च) ऐनले सञ्चित कोषमाथि व्ययभार हुने भनी निधो गरेको रकम।

६२. **राजस्व र व्ययको अनुमान**: (१) **श्री ५** बाट प्रत्येक आर्थिक वर्षको सम्बन्धमा राष्ट्रिय पञ्चायतको सम्मुख देहाय बमोजिमका कुरा समेत खुलाई वार्षिक अनुमान पेश गर्न लगाइबक्सनेछ:—

(क) राजस्वको अनुमान;

---

§§ संविधानको दोस्रो संशोधनद्वारा संशोधित।

※ संविधानको पहिलो संशोधनद्वारा संशोधित।

※ संविधानको पहिलो संशोधनद्वारा रूपान्तर।

नोट:— धारा ६१ को खण्ड (ख) र (ग) मा संविधानको पहिलो संशोधनद्वारा पनि संशोधन भएको।

(ख) सञ्चित कोषप्रति व्ययभार हुने चाहिंदा रकमहरू; र
(ग) विनियोजन ऐनद्वारा व्यय हुने चाहिंदा रकमहरू ।

(२) विनियोजन ऐन अनुसार व्यय हुने चाहिंदा रकम शीर्षकहरूमा निर्दिष्ट गरी विनियोजन विधेयकमा राखिनेछन् ।

६३. **पूरक अनुमान :** (१) कुनै आर्थिक वर्षमा देहायको अवस्था पर्न आएमा श्री ५ बाट पूरक अनुमान राष्ट्रिय पञ्चायतको सम्मुख राख्न लगाइबक्सनेछ:-

(क) चालू आर्थिक वर्षको निमित्त विनियोजन ऐनद्वारा कुनै सेवाको लागि खर्च गर्न अधिकार दिइएको रकम अपर्याप्त भयो भने वा त्यस वर्षको निमित्त विनियोजन ऐनले अधिकार नदिएको नयाँ सेवामा खर्च गर्न जरूरत पऱ्यो भने; वा
(ख) त्यस आर्थिक वर्षमा कुनै विनियोजन ऐनद्वारा अधिकृत भएको रकमभन्दा बढी खर्च हुन गएको छ भने ।

(२) पूरक अनुमानमा राखिएको रकम शीर्षकहरूमा निर्दिष्ट गरी पूरक विनियोजन विधेयकमा राखिनेछन् ।

६४. **पेश्की खर्च :** (१) यो भागमा यस अघि जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा आर्थिक वर्षको निमित्त अनुमान गरिएको व्ययको कुनै अंश अगावै पेश्कीको रूपमा ऐनद्वारा खर्च गर्न सकिनेछ ।

(२) धारा ६२ मा गरिएको व्यवस्था अनुसार राजस्व र व्ययको अनुमान पेश नगरिएसम्म पेश्की खर्च विधेयक प्रस्तुत गरिने छैन र पेश्कीको रकम आर्थिक वर्षको व्यय अनुमानको तृतीयांशभन्दा अधिक हुने छैन ।

(३) पेश्की खर्च ऐन अनुसार खर्च भएको रकम विनियोजन विधेयकमा समावेश गरिनेछ ।

६५. **उधारो खर्च :** (१) यो भागमा यसअघि जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक कारण वा वाह्य आक्रमणको आशंका वा आन्तरिक विघ्न वा अरू कुनै कारणले गर्दा स्थानीय वा राष्ट्रव्यापी संकटको अवस्था भएमा धारा ६२ अन्तर्गत चाहिने विवरण खुलाउन अव्यावहारिक वा राज्यको

सुरक्षा वा हितको दृष्टिले अवाञ्छनीय छ भन्ने कुरामा **श्री ५** सन्तुष्ट होइबक्सेमा मौसूफबाट व्ययको वाञ्छनीय ठहराइबक्सेको विवरण मात्र भएको उधारो खर्च विधेयक राष्ट्रिय पञ्चायतमा प्रस्तुत गर्न लगाइबक्सनेछ ।

(२) उधारो खर्च ऐन अनुसार खर्च भएको रकम यथाशीघ्र पूरक विनियोजन विधेयकमा समावेश गरिनेछ ।

❁६६. **आकस्मिक कोष** : ऐनद्वारा आकस्मिक कोषका नामले एउटा कोष स्थापना गर्न सकिनेछ र सो कोषमा मन्त्रिपरिषद्को परामर्शमा **श्री ५** बाट समय समयमा निधो गरिबक्से अनुसार रकम जम्मा गरिनेछ । **श्री ५** बाट स्वीकृति बक्से बमोजिम सो कोषबाट आकस्मिक कार्यका लागि खर्च गरिनेछ । त्यस्तो खर्चको रकम ऐनद्वारा यथाशीघ्र सोधभर्ना गरिनेछ ।

६७. **आर्थिक कार्यविधि सम्बन्धी ऐन** : ऐनद्वारा विनियोजित एक शीर्षकबाट अर्को शीर्षकमा रकम सार्ने कुरा र अरू आर्थिक कार्यविधि सम्बन्धी कुरा ऐनद्वारा व्यवस्थित हुन सक्नेछ ।

---

❁ संविधानको दोस्रो संशोधनद्वारा संशोधित ।

# ⌧भाग १० क

## पञ्चायतका वर्गीय संगठनहरू

६७क. **वर्गीय संगठनहरूको व्यवस्था :** (१) व्यापक राष्ट्रिय दृष्टिकोणबाट विभिन्न वर्गको हितमा सामञ्जस्य ल्याई एउटा प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सृजना गरी जनकल्याणको अभिवृद्धि गर्ने पञ्चायत प्रणालीको उद्देश्य अनुरूप विभिन्न वर्गको संगठित शक्तिलाई एकत्रित गरी राष्ट्रनिर्माणको काममा लगाउन र स्थानीय पञ्चायतहरूलाई जनपरिचालनमा सघाउ पुऱ्याउन देहाय बमोजिम वर्गीय संगठनहरूको स्थापना र संञ्चालन गरिनेछः–

(१) नेपाल किसान संगठन;
(२) नेपाल युवक संगठन;
(३) नेपाल महिला संगठन;
(४) नेपाल प्रौढ संगठन;
(५) नेपाल मजदूर संगठन; र
(६) नेपाल भूतपूर्व सैनिक संगठन।

(२) पञ्चायतका कुनै पनि तहको निकायको सदस्य पदमा निर्वाचित हुन र कायम रहन उपधारा (१) मा उल्लिखित वर्गीय संगठनहरूमध्ये कुनै एक संगठनको कानूनमा व्यवस्था भए बमोजिमको सक्रिय सदस्यता प्राप्त गर्न अनिवार्य हुनेछ।

(३) उपधारा (१) मा उल्लिखित वर्गीय संगठनहरूको गठन, काम, कर्तव्य र अधिकार कानूनद्वारा व्यवस्थित हुनेछ।

⌧ भाग १०क संविधानको पहिलो संशोधनद्वारा थप भई मिति २०२४।७।७ देखि प्रारम्भ भएको र हाल संविधानको दोस्रो संशोधनद्वारा संशोधित।